श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

हातहतियार खरखजाना (पाँचौं संशोधन) नियमावली, २०५५

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "हातहतियार खरखजाना (पाँचौं संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना नियमावली, २०२८ को नियम १० क मा संशोधनः हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० क को उपनियम (१क) को सट्टा देहायको उप-नियम (१क) राखिएको छः–

"(१क) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्याद भित्र नवीकरण हुन नसकेको मनासिव कारण देखाइ यो नियमावली प्रारम्भ भएको मितिले ३ महिनाभित्र निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि एक हजार रूपैयाँ नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ ।"

३. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को उपनियम (५क) को सट्टा देहायको उपनियम (५क) राखिएको छः–

"(५क) उपनियम ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुँदाको बखतसम्म कुनै हातहतियार खरखजानाको नामसारी गराउन छूट भएको भए मनासिव कारण देखाइ यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि एक हजार रूपैयाँ नामसारी दस्तुर लिई नामसारी गरिनेछ ।"

आज्ञाले,
पदमप्रसाद पोखरेल
262 श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।६।८ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर | साविक पद, मन्त्रालय | सरुवा भएको पद, मन्त्रालय |
|---|---|---|---|
| १. | श्री शरदकुमार भट्टराई | सचिव, सामान्य प्रशासन मन्त्रालय । | सचिव, शिक्षा मन्त्रालय । |
| २. | श्री खेमराज रेग्मी | सचिव, शिक्षा मन्त्रालय । | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय । |

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।६।६ को निर्णयानुसार नेपाल संसद सेवा, प्रशासन समूह, राजपत्रांकित तृतीय श्रेणी, संसद सचिवालयका शाखा अधिकृत श्री भीमप्रसाद गौतमले आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०५५।५।२५ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

आज्ञाले,
मानप्रसाद प्रधान
उप-सचिव

## संसद सचिवालयको सूचना

प्रतिनिधिसभाको मिति २०५५।६।२८ गते बुधबार बसेको बैठकले प्रतिनिधिसभाका सदस्य माननीय श्री भोजराज जोशीलाई प्रतिनिधिसभाको उप-सभामुख पदमा निर्विरोध निर्वाचित गरेको छ ।

आज्ञाले,
सूर्यकिरण गुरुङ
प्रतिनिधिसभाको सचिव

265

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# महालेखा परीक्षकको विभागको

## सूचना १

लेखापरीक्षण सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक श्री श्यामबाबु बस्नेतको सेवा अवधि २०५५।६।३१ मा ३० वर्ष पूरा भई महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ६२ को उपनियम (१) बमोजिम अवकाश हुने भएकोमा महालेखा परीक्षकले सोही नियमको उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी निजको सेवा अवधि मिति २०५५।७।१ गतेदेखि लागू हुने गरी २ वर्षको लागि थप गरेको छ।

## सूचना २

लेखापरीक्षण सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री शिवप्रसाद लामिछानेको सेवा अवधि २०५५।६।२५ मा ३० वर्ष पूरा भई महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ६२ को उपनियम (१) बमोजिम अवकाश हुने भएकोमा महालेखा परीक्षकले सोही नियमको उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी निजको सेवा अवधि मिति २०५५।६।२५ गतेदेखि लागू हुने गरी २ वर्षको लागि थप गरेको छ ।

आज्ञाले,
बच्चुराम दाहाल
नायब महालेखा परीक्षक

262



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

२८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।